ネパール語（NP）

फुकुओका प्रान्तको आफ्नै नयाँ कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका उपायहरूबारे

2021 साल मे 3 तारिख (सोमबार)

दुई दिनअघि फुकुओका प्रान्तले निशिमुरा आर्थिक पुनरुत्थान मन्त्रीलाई फुकुओका प्रान्तमा "सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू" लागू गर्न आग्रह गर्‍यो। अहिले राष्ट्रिय सरकारसित यी उपायहरू लागू गर्ने सहर तथा गाउँहरू र लागू गर्ने अवधिबारे विचारविमर्श गरिँदै छ। यो आग्रह गरिएको बेला निशिमुरा मन्त्रीले "फुकुओका प्रान्तको सङ्क्रमण स्थितिबारे हामी खतराको भावना साझा गरेर महसुस गर्दै छौँ। प्रान्तले गरेको आग्रहको सन्दर्भमा लचकदार ढङ्गमा प्रभावकारी कदम चालिनेछ" भन्ने जवाफ दिनुभएकोले हाम्रो तर्फबाट पनि सक्दो चाँडो निर्धारण गर्न अनुरोध गर्‍यौँ।

तथापि "सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू" लागू गर्ने निर्णय गर्दासम्म एउटा निश्चित समय लाग्ने सम्भावना छ। अनि फुकुओका प्रान्तको तत्कालकै सङ्क्रमण स्थिति मध्यनजर गरेर "सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू" भन्ने कडा उपाय अपनाउनु आवश्यक छ भनी निर्णय गरिएको कारण प्रारम्भिक स्थितिमा कदम चाली सङ्क्रमण फैलिन नदिन नियन्त्रण गर्नु आवश्यक छ भनेर विचार गर्दै छौँ।

त्यसैले सरकारले उक्त मामिलामा निर्णय गर्नुभन्दा पहिले फुकुओका प्रान्तले "सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू" जस्तो आफ्नै उपायहरू कार्यान्वयन गर्ने कदम चलिहालेको छ।

प्रान्तवासी तथा उद्यमी महानुभावहरूको समझ तथा सहयोगको लागि विनम्र अनुरोध गर्दछौँ।

**दिनको समयमा समेत अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा**

**घरबाहिर ननिस्किन संयमित हुने**

**प्रान्तभित्र तथा प्रान्तबाहिरका सङ्क्रमण फैलिरहेको क्षेत्रमा जाने आउने गर्न संयमित हुने**

○प्रान्तवासीका महानुभावहरूलाई दिनको समयमा समेत अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुन, सङ्कटकाल लगाएको क्षेत्र र फुकुओका प्रान्तभित्र भए पनि सङ्क्रमण बढिरहेको क्षेत्रमा अनावश्यक रूपमा जाने आउने नगर्न संयमित हुन अनुरोध गर्छौं।

अरू मानिसहरूसँगै खानपिन गर्दा बाहिर पसलमा र घरमा पनि थोरै सङ्ख्यामा अनि दुई घण्टासम्म मात्र सीमित गर्न अनुरोध गर्छौं। कुराकानी गर्दा मास्क लगाउनुहोस् र ठूलो स्वरले नबोल्नुहोस्। रेस्टुरेन्टहरूलाई व्यापार समयमा परिवर्तन गर्न आग्रह गरिनेछ। पसल बन्द भएपछि व्यर्थै रेस्टुरेन्टहरूमा नआउनुहोस् र बाटो वा पार्कमा समूहमै खानपिन गर्दा सङ्क्रमण जोखिन उच्च हुनाले यस्तो व्यवहार पनि नगर्नुहोस्।

## रेस्टुरेन्टको व्यापार समय छोट्याउने

**मे 6 तारिख (बिही)～मे 19 तारिख (बुध)**

| | |
|---|---|
| फुकुओका सहर・कुरुमे सहर | **बेलुका 8 बजेसम्म** (मादक पदार्थ बिक्री-वितरण अर्डर स्टप बेलुका 7 बजेसम्म) |
| अन्य सहर तथा गाउँहरू | **बेलुका 9 बजेसम्म** (मादक पदार्थ बिक्री-वितरण अर्डर स्टप बेलुका 8 बजेसम्म) |

○रेस्टुरेन्ट सञ्चालन गर्ने महानुभावहरूलाई अनुरोध छ। फुकुओका सहर तथा कुरुमे सहरका रेस्टुरेन्टहरूलाई अहिले व्यापार गर्ने समय "बेलुका 9 बजेसम्म"–मा छोट्याउन अनुरोध गरिएको छ। तर मे 5 तारिख (बिहीबार) देखि मे 19 तारिख (बुधबार) सम्मको अवधिमा अझै 1 घण्टा घटाएर "बेलुका 8 बजेसम्म" बनाइनेछ। मादक पदार्थ बिक्री–वितरण बिहान 11 बजेदेखि अर्डर स्टप बेलुका 7 बजेसम्म अर्थात् पसल बन्द गर्ने समयभन्दा 1 घण्टाअगाडिसम्म हुनेछ।

फुकुओका तथा कुरुमे सहरबाहेकका प्रान्तभित्रका अरू क्षेत्रहरूमा पनि आजकाल अलि–अलि गर्दै सङ्क्रमण फैलिँदै गएकोले यो स्थिति अब कस्तो हुनेछ भनी अनुमान लगाउन पनि नसकिने कठिन परिस्थितिमा रहेको छ। त्यसैले फुकुओका सहर तथा कुरुमे सहरबाहेक प्रान्तभित्रका सम्पूर्ण सहर तथा गाउँहरूमा भएका रेस्टुरेन्टहरूलाई पनि व्यापार समय बिहान 5 बजेदेखि बेलुका 9 बजेसम्म, मादक पदार्थ बिक्री–वितरण बिहान 11 बजेदेखि अर्डर स्टप बेलुका 8 बजेसम्म बनाउन अनुरोध गरिएको छ।

## रेस्टुरेन्टलाई सहयोग रकम

**मे 6 तारिख (बिही)～मे 19 तारिख (बुध)**

| | |
|---|---|
| फुकुओका सहर・कुरुमे सहर | बिक्री रकमअनुसार 30 हजार～1 लाख येन/दिन |
| अन्य सहर तथा गाउँहरू | बिक्री रकमअनुसार 25～75 हजार येन/दिन |

※ठूलठूला कम्पनीलाई दुवैमा बिक्री रकममा भएको ह्रास रकमअनुसार अधिकतम 2 लाख येन/दिन

○उक्त अनुरोध स्विकारेका रेस्टुरेन्टका महानुभावहरूलाई सहयोग रकम भुक्तानी गरिनेछ। फुकुओका सहर तथा कुरुमे सहरको क्षेत्रमा बिक्री रकमअनुसार प्रतिदिन 30,000 देखि 100,000 येन भुक्तानी गरिनेछ।

अन्य सहर तथा गाउँको क्षेत्रमा प्रतिदिन 25,000 देखि 75,000 येन भुक्तानी गरिनेछ।

ठूलठूला कम्पनीलाई भने प्रान्तभरि एउटै रकम हुनेछ र बिक्री रकममा भएको ह्रास रकमअनुसार प्रतिदिन अधिकतम 200,000 येन भुक्तानी गरिनेछ।

साथै "हिरु–काराओके (दिउँसोको समयमा काराओके सुविधा प्रदान गर्ने)" पसलप्रति क्लस्टरविरुद्ध प्रतिकारात्मक उपायको रूपमा काराओके–बक्सबाहेक काराओके क्याफे र दिउँसोको स्नाकजस्ता पसलमा काराओके सुविधा प्रयोग नगर्न संयमित हुन अनुरोध गर्छौं।

**धेरै ग्राहक आउने ठूलठूला सुविधा व्यापार समय छोट्याउन अनुरोध**

| | |
|---|---|
| फुकुओका सहर · कुरुमे सहर | **बेलुका 8 बजेसम्म (मादक पदार्थ बिक्री–वितरण अर्डर स्टप बेलुका 7 बजेसम्म)** |
| अन्य सहर तथा गाउँहरू | **बेलुका 9 बजेसम्म (मादक पदार्थ बिक्री–वितरण अर्डर स्टप बेलुका 8 बजेसम्म)** |

○धेरै ग्राहक आउने सुविधा सञ्चालन गर्ने महानुभावहरूलाई अनुरोध छ। अत्यावश्यकबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुन प्रान्तवासीलाई गरिएको आग्रहलाई पूर्ण रूपले पालन गरून् र मानिसहरू सुविधाहरूमा जम्मा भई खानपिनसमेत गर्न नपुगून् भनी नियन्त्रण गर्ने उद्देश्यले रेस्टुरेन्टबाहेक अरू सुविधाहरू खासगरि धेरै ग्राहक आउने ठूलठूला सुविधाहरूलाई पनि व्यापार समय छोट्याउने र भवनमा प्रवेश गराउने मानिसहरूको सङ्ख्या घटाउनेजस्ता उपायहरू अपनाएर सहयोग गर्नुहुन अनुरोध गर्दछौँ। नाचघर, चलचित्र घर, प्रदर्शनी हल र 1,000 $m^2$ भन्दा ठूला व्यापार–व्यवसाय सुविधा, व्यायाम तथा मनोरञ्जन सुविधा, सङ्ग्रहालय तथा कला सङ्ग्रहालय आदिको हकमा भने फुकुओका सहर तथा कुरुमे सहरस्थित सुविधाहरूलाई व्यापार समय बेलुका 8 बजेसम्म बनाउन र तीबाहेक अन्य सहर तथा गाउँहरूमा भने बेलुका 9 बजेसम्म बनाउन अनुरोध गर्दछौँ।

○इभेन्टहरूमा अटाउने मानिसहरूको सङ्ख्याको अधिकतम सीमा अहिले 10,000 जना भनेर तोकिएको छ तर मे 6 तारिख (बिहीबार) देखि मे 19 तारिख (बुधबार) सम्म यस सीमालाई 5,000 जना बनाइनेछ। यद्यपि इभेन्टमा आउनेहरूले चर्को आवाजले जयजयकार गर्ने र हौसला बढाउन चिच्याउने सम्भावना छ भने त्यस सङ्ख्यालाई 5,000 वा इभेन्टमा अटाउने मानिसहरूको सङ्ख्याको 50% मध्ये कुनै एउटा कम सङ्ख्यामा सीमित पार्न अनुरोध गर्दछौँ।

○यसपालि अपनाइने उपायहरू मे 19 तारिख (बुधबार) सम्म लागू गरिने भनिए तापनि राष्ट्रिय सरकारले "सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू" लागू गरिएको खण्डमा फेरि ती उपायहरूमा लागू गरिने विवरणहरू र लागू गर्ने अवधि निर्धारण गरिनेछ।

# चिकित्सा सेवा प्रदान प्रणाली

**बेड**

921 वटा → 940 वटा

तीमध्ये सिकिस्त बिरामीको लागि बेड (132 वटा) → (136 वटा)

(लक्ष्य 1,220 वटा)

**स्वास्थ्यलाभको लागि आवास सुविधा**

1,538 कोठा

→ फुकुओका・कुरुमेमा चाँडै सुनिश्चित हुनेः लगभग 1,900 कोठा

(लक्ष्य 2,000 कोठा)

○फुकुओका प्रान्त चिकित्सा सेवा प्रदान प्रणालीलाई सुदृढीकरण गर्न लागिपरेको छ। आज 19 वटा थप बेड सुनिश्चित गरी सङ्क्रमितहरूको उपचार गर्न प्रयोग गरिने बेडको सङ्ख्या जम्मा 940 वटा भएको छ। तीमध्ये सिकिस्त बिरामीको लागि 4 वटा बेड थपेर जम्मा 136 वटा बनाइएको छ। साथै स्वास्थ्यलाभ गर्न बस्ने आवास सुविधाको बन्दोबस्तको सन्दर्भमा मे 7 तारिख (शुक्रबार) देखि किताक्युस्यु सहरमा एउटा सुविधा सुरु हुनेछ। यस सुविधाका कोठाहरू थपेर जम्मा 1,538 वटा बनाइनेछ। फुकुओका सहरमा र कुरुमे सहरमा भएका दुई वटा आवास सुविधा स्वास्थ्यलाभको लागि प्रयोग गर्न समायोजन अगाडि बढाउनेछौँ। यी सुविधा खुल्यो भने लगभग 1,900 वटा कोठा सुनिश्चित हुनेछ।

प्रान्तवासी तथा उद्यमी महानुभावहरूमा पर्न जाने कठिनाइ तथा असुविधाको लागि हामी मनैदेखि क्षमाप्रार्थी छौँ। तर नयाँ कोरोना भाइरस सङ्क्रमणको थप फैलावट जसरी भए पनि रोक्न सबै जनाको समझदारी तथा सहयोगको लागि विनम्र अनुरोध गर्दछौँ।

प्रान्तवासीका महानुभावहरू, नयाँ कोरोना भाइरस सङ्क्रमण अबउप्रान्त कस्तो हुनेछ भन्ने कुरा अहिलेको तपाईँ–हाम्रो व्यवहारमा निर्भर छ। तत्कालकै हाम्रो व्यवहारले 10 दिनपछि वा दुई हप्तापछि फुकुओका प्रान्तको अवस्था कस्तो हुनेछ भन्ने कुरामा ठूलो असर पार्छ। त्यसकारण कृपया प्रान्तवासी महानुभावहरू, तपाईं र तपाईंका प्रिय जनहरूको ज्यान बचाउनको निम्ति तपाईँ–हामी आफै होसियार हुन र जिम्मेवार व्यवहार गर्न हार्दिक अनुरोध गर्दछौँ।